**Tribhuvan University Journal**
**Vol. 38, No. 1: 184-199, June, 2023**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v38i01.56216**

# उत्तरवर्ती नेपाली निबन्धमा पर्यावरणीय चेतना

***रजनी ढकाल***

*सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर ।*
*इमेल : rajanidhakal@yahoo.com*

received date 27 Feb 2023 – accepted date 10 June 2023

## लेखसार

प्रस्तुत अनुसन्धानात्मक लेखमा पर्यावरणीय चेतना भएका केही उत्तरवर्ती नेपाली निबन्धलाई पाठका रूपमा लिई तिनमा प्रयुक्त पर्यावरणीय चेतनाका विभिन्न आयामहरूको विश्लेषण गरी उत्तरवर्ती नेपाली निबन्धमा अभिव्यक्त पर्यावरणीय चेतनाको निरूपण गरिएको छ । यस लेखको उद्देश्य प्रकृति र मानव तथा जीवजगत् बिचको अन्तर्सम्बन्धलाई चित्रण गरिएका उत्तरवर्ती नेपाली निबन्धमा अभिव्यक्त पर्यावरणीय चेतनाको स्वपरूप पहिल्याउनु हो । यस अध्ययनमा उत्तरवर्ती नेपाली निबन्धमा मानव र प्रकृतिको आत्मीय सम्बन्ध, पर्यावरणीय गहनताको चित्रण, पर्यावरणीय नारीवादी चेतनाको प्रस्तुति, जनजाति र पर्यावरणका बीचको तादात्म्य तथा ग्राम्य र अप्रदूषित प्रकृतिको संवेदनशील चित्रण गरिएको भन्ने विचार पर्यावरणीय मान्यताका आधारमा अध्ययन गरिएको छ। यस अनुसन्धानमा सोद्देश्य नमुना छनोट पद्धतिबाट पाठगत तथ्याङ्क सङ्कलन गरी निबन्धको विश्लेषणका लागि पर्यावरणीय समालोचनाका आधारभूत मान्यतालाई सैद्धान्तिक पर्याधारका रूपमा अवलम्बन गरी निबन्धको विश्लेषण गरिएको छ । उत्तरवर्ती नेपाली निबन्धमा गहन पर्यावरण, पर्यावरणीय नारीवाद, जनजातीय पर्यावरणका मान्यतालाई विश्लेषणको ढाँचाका रूपमा उपयोग गरी बाइसवटा उत्तरवर्ती नेपाली निबन्धमा वातावरणीय विनाशको चिन्ताका साथै सामाजिक पहिचान र लैङ्गिक सन्दर्भबाट आउने जनजातीय र नारीवादी पर्यावरणीय सौन्दर्य चेतनाका दृष्टिले पनि उत्तरवर्ती नेपाली निबन्ध सबल रहेको तथा पर्यावरणप्रतिको सचेतता सघन रूपमा रहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी :** गहन पर्यावरण, जनजातीय पर्यावरण, जीवजगत्, पर्यावरणीय नारीवाद, पारिस्थितिकी ।

## विषयपरिचय

प्रस्तुत अध्ययनको विषय उत्तरवर्ती समय अर्थात् २०३६ देखि हालसम्म प्रकाशित नेपाली निबन्धमा रहेका पर्यावरणीय चेतनाका विभिन्न पक्षहरूको विश्लेषण र मूल्याङ्कन

रहेको छ । उत्तरवर्ती नेपाली निबन्धको मुख्य प्रवृत्ति नेपाली समाजको सांस्कृतिक, राजनीतिक, आर्थिक, लैङ्गिक, पर्यावरणीय आदि पक्षको चित्रण हो । पृथ्वी वा भौतिक वातावरणमाथि भएको दोहन र त्यसको बचाउप्रतिको सचेत चिन्तन नै पर्यावरणीय चेतना हो । विश्व पुँजीवाद र यसले सिर्जेको समाज व्यवस्थाका कारण प्रकृतिको विनाश गरेको विषयप्रति सचेत हुँदै प्रकृति र पर्यावरणको बचाउ गर्ने चेतना निर्माण गरिएका साहित्य र त्यसको केन्द्रमा रहेर अध्ययन गरिने पद्धति बढ्दो क्रममा छ । पर्यावरणीय चित्रण प्राकृतिक सौन्दर्यको सामान्य चित्रण मात्र होइन प्रकृतिको विनाश र त्यसलाई रोक्ने उपायका बारेको प्रतिबद्धतासहितको लेखन नै पर्यावरणीय लेखन हो । यस्तो लेखनमा पर्यावरणीय चासो र संवेदनाको अध्ययन र विश्लेषण गरिएको हुन्छ ।

पश्चिममा पुँजीवादले सिर्जना गरेको सामाजिक सन्दर्भ, प्रकृतिको अत्यधिक शोषण, विकासका नाममा भएको दोहन नै पर्यावरणीय लेखनको सुरुवातको अवस्था हो भने अहिले यस अध्ययनले विश्वव्यापी स्वरूप ग्रहण गरेको छ । नेपाली साहित्यमा पनि यो बौद्धिक अभियान बनेको छ । यस्तो पारिस्थितिकीय अध्ययन दमन र वर्चस्वका विरुद्धका लेखनका रूपमा पनि परिचित हुन थालेको छ । उत्तरवर्ती नेपाली निबन्धमा पर्यावरणीय चेतनाको निर्माण गर्ने लेखन बढ्दो क्रममा छ तर यस विषयमा केही समीक्षात्मक टिप्पणी भए पनि गहन अध्ययन हुन नसकेको अवस्थामा यसको अध्ययन महवपूर्ण छ । नेपाली समाज मात्र नभई विश्वमै संवेदनशील रहेको र आजको समाजमा महत्त्वपूर्ण बहसको विषय बनिरहेको पर्यावरणीय चेतनाको पाटो साहित्यको लेखन र पठनमा पनि उत्तिकै संवेदनशील रहेको छ ।

उत्तरवर्ती नेपाली निबन्धमा वातावरण विनाशले मानव, समाज र सभ्यतामा पारेको प्रभाव तथा आजको भौतिक विनाशले बढाइरहेको पर्यावरणीय क्षति तथा विभिन्न जाति र वर्गसँगको प्रकृतिको सामीप्यले निर्माण गरेको फरक सम्बन्धको चित्रण गरिएको हुँदा यसलाई साहित्य विश्लेषणका सन्दर्भबाट अध्ययन गर्नु उपयुक्त भएकाले यस अध्ययनमा उत्तरवर्ती चरणमा पर्यावरणीय चेतना रहेका बाइसवटा निबन्धको सोद्देश्य छनोट गरी गुणात्मक अध्ययन गरिएको छ । यस अध्ययनबाट उत्तरवर्ती नेपाली निबन्ध पर्यावरणीय चिन्तन र चेतनाका दृष्टिले सबल रहेको निष्कर्ष निकालिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानका निम्ति पर्यावरणीय चेतना सम्बद्ध उत्तरवर्ती नेपाली निबन्धहरूलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । तथ्याङ्कको सङ्कलन गर्दा *हुम्ला बोल्छ मानसरोवरमा, दशगजामा उभिएर, सम्झनाका तरेलीहरू, हिमालपारि पुगेपछि, अमर सिर्जना, भुइँफूलको देश, पहाडजस्तो बाटोजस्तो म, मैले देखेको नेपाल, स्वअस्तित्वको खोज, पर्वतको अर्को नाउँ पार्वती, आमाका अविस्मरणीय अतीतहरू र म, स्मृति कथामा सत्त्व, चौबिस रिल, तपाईंको पहाड कहाँ हो ?, प्रज्ञा निबन्धसङ्ग्रह भाग १,*

*डोल्पो ओ डोल्पो* कृतिबाट बाइसवटा निबन्धको चयन गरिएको छ । सोद्देश्य नमुना छनोट पद्धतिका आधारमा सङ्कलित पर्यावरणीय चेतनाका दृष्टिले सबल भएका निबन्धहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति पर्यावरणीय समालोचनाका सैद्धान्तिक ग्रन्थ र प्रायोगिक लेखहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी निबन्धमा पर्यावरणीय चेतनाको विश्लेषण गर्न एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ । छनोटमा परेका उत्तरवर्ती नेपाली निबन्ध (संस्मरण, जीवनी, नियात्रासहित)मा प्रकृति र मानवबिचको सम्बन्ध, ग्राम्यता र अप्रदूषित परिवेशको चित्रण, नारीवादी पर्यावरणीय चेतना, गहन पर्यावरणीय चेतना र जनजातीय पर्यावरणीय चेतनाका आधारमा पाठपरक र विश्लेषणात्मक विधिको उपयोग गरी निबन्धमा व्यक्त पर्यावरणीय चेतनाको गुणात्मक अध्ययन गरिएको छ ।

## पर्यावरणीय चेतनाको सैद्धान्तिक परिचय

पर्यावरणीय समालोचना मानव र मानवेतर प्रकृतिको अध्ययन हो । यसमा साहित्यिक कृतिमा व्यक्त भएको पर्यावरणसम्बन्धी विषयवस्तुको अध्ययन गरिन्छ । यसलाई साहित्य र मानव वरिपरिको पर्यावरण बिचको सम्बन्धलाई अध्ययन गर्ने साहित्यको सम्प्रदायको रूपमा चिनिन्छ (Dobie 2012, p. 384) । पर्यावरणीय समालोचनालाई अङ्ग्रेजीमा ‘इकोक्रिटिसिजम’, ‘लिटररी इकोलोजी’, ‘इकोपोएटिक्स’, ‘इन्भाइरोमेन्टल लिटररी क्रिटिसिजम’ र ‘ग्रिन कल्चरल स्टडिज’ जस्ता नाम दिइएको छ (Glotfelty & Fromm 1996, p. XX) । पृथ्वी र प्राणी मात्रलाई माया गर्नु नै पर्यावरणीय चेतनाको मूल बिन्दु हो । प्रकृतिका पक्षमा लेख्नु, प्रकृतिमा रहेका भौतिक, भौगोलिक, जैविक वातावरणको पहिचान गरी तिनको पर्यावरणीय पक्षलाई चिनाउनु, साहित्यका माध्यमबाट पर्यावरणीय जागरण र सचेतना ल्याउनु, मानव र मानवेतर प्राणी र वनस्पतिको पारस्परिक सम्बन्ध र महत्त्वको वर्णन गर्नु, साहित्यिक अध्ययनमा पुँजीवादी पितृसत्तात्मक प्रवृत्तिको चर्चा गर्दै मानवेतर पक्ष, महिला, प्रकृति र भूमिका बारेमा सकारात्मक हुनु (Nayar 2010, p. 243) जस्ता पक्ष पर्यावरणीय चेतनाका प्रमुख विषय हुन् । पर्यावरणीय क्षयको बोध र त्यसको साहित्यिक अभिव्यक्तिलाई पर्यावरणीय विश्व चेतनाका सन्दर्भबाट बुझ्न सकिन्छ । जैविक विविधताको ह्रास, ओजन तहमा विनाश, ऊर्जाको अन्त्य, आणविक ऊर्जाको निर्माणका कारण विश्वभरि मौसममा आएको परिवर्तनका कारण मानिसमा वातावरणीय चिन्ता र चासो बढेको छ र त्यही कारण पर्यावरणीय चेतनाको विकास भएको छ (भट्टराई २०६४, पृपृ. २०२-२०३) । पर्यावरणीय चेतनाले प्रकृतिसम्बन्धी मानिसको चेतनाको व्याख्या गर्ने हुँदा कृतिमा यस्तो चेतनाको खोजी नै साहित्यमा पर्यावरणीय चेतनाको अध्ययनको आधार हो । नायरले यसलाई पुँजीवादले सिर्जना गरेको जीवभौतिकी र सामाजिक सन्दर्भ, प्रकृतिको अत्यधिक

शोषण, विकासका नाममा भएको दोहन र पर्यावरणीय अत्याचारका कारण उत्पन्न भएको समालोचना भनेका छन् (सन् २०१०, पृ. २४१) । पारिस्थितिकीय अध्ययन दमन र वर्चस्वका विरुद्ध लड्न प्रतिबद्ध छ । प्राकृतिक पृथ्वीलाई कृत्रिमतामा परिणत गर्ने मानवीय क्रीडाभूमि बनाउने क्रममा पृथ्वीलाई नष्ट गर्ने काम समाजको उच्च वर्गको एकलौटी वर्चस्वका कारण सिर्जना भएको बताएका छन् (भट्टराई २०७०, पृ. ७९) । पर्यावरणीय अध्ययन प्रकृति बचाउको मूल केन्द्रमा सत्ता र शक्तिको सबैखाले दोहनका विरुद्धको आवाज पनि हो ।

पर्यावरणीय समालोचना साहित्यको पृथ्वीकेन्द्री अध्ययन हो र यसले मानव र प्रकृति कसरी अन्योन्याश्रित छन् भन्ने कुराको अध्ययन गर्दछ। आधुनिक सभ्यता वा पुँजीवादी विकासले नछोएको ग्रामीण भूगोल र त्यहाँको अप्रदूषित स्थानको चित्रण पर्यावरणीय लेखनमा हुन्छ । यस्ता लेखनले पुँजीवादी मेसिन युगको आलोचना गर्दै जीवनलाई प्रकृतिको स्वच्छतातर्फ एकाग्र हुन आह्वान गरेका हुन्छन् । पर्यावरणीय समालोचनामा यस्ता अक्षत भूमिको लेखनले विशेष महत्त्व राख्दछ (एटम २०६८, पृ. ३२७) । नेपाली निबन्धमा पनि सहरी जीवनको सट्टा यही ग्राम्यताको चित्रण पाइन्छ ।

पर्यावरणीय नारीवाद प्रकृति र महिला दुवै पितृसत्ताबाट शोषित हुन्छन् भन्ने मान्यता राख्ने दार्शनिक र राजनीतिक सिद्धान्त हो। यसमा महिला र प्रकृति बिचको सम्बन्ध र समाजले तिनमाथि गर्ने शोषण र दोहनको सन्दर्भलाई जोडेर साहित्यिक कृतिको अध्ययन गरिन्छ । पितृसत्तात्मक प्रणालीमा निहित समस्याहरूलाई पारिस्थितिक पाटोमा जोडेर अध्ययन गरिने यस सिद्धान्तमा ती समस्याको पुष्टि र अहिंसात्मक माध्यमबाट समाधन गर्ने कुरामा जोड दिइन्छ । नारीवादी पर्यावरणले यसका आधारमा पुरुष (पितृसत्ता)ले नारी र प्रकृति दुवैलाई दमन गर्छ र यसले सदैव महिला र प्रकृतिलाई शोषण गर्दै आएको छ भन्ने मान्यता प्रस्तुत गर्दछ (Nayar 2010, p. 250) । महिलाको श्रमको शोषण र प्रकृतिको दोहन गर्ने पुरुष वर्चस्वको समाजलाई चेतना निर्माण गर्ने विचारधारा यसले अवलम्बन गरेको छ (Miles, Britanica.com) । महिला परिवारको पालनपोषण गर्ने, खान दिने जस्ता लैङ्गिक भूमिका अनि महिलाको जीवन विज्ञानसँग जोडिएको मासिक धर्म, गर्भावस्था, स्तनपान आदिको पाटो प्रकृतिसँग समान छ। मानव जीवनलाई अन्न र अन्य जीवनका स्रोत प्रदान गर्ने प्रकृति र महिलाको आपसमा निकटता छ। प्रकृतिको अध्यात्म र त्यस आध्यात्मिकतामा महिलाको भूमिकाका बारेमा पनि यसको सम्बन्ध देखिन्छ। केट सोपर (सन् १९९५, पृ. १३९) का अनुसार महिलामा प्रकृतिमा झैँ पुनरुत्पादनको क्षमता हुन्छ र शारीरिक आवश्यकता, उत्पादन क्रियाकलाप आदिको शारीरिक संरचनाले महिलालाई पनि प्राकृतिक बनाएको छ ।

वातावरणीय दर्शन र सामाजिक आन्दोलनका आधारमा मानवले प्रकृतिसँगको आफ्नो सम्बन्धलाई आमूल रूपमा परिवर्तन गर्नुपर्दछ भन्ने चिन्तनमा आधारित गहन पारिस्थितिकीमा मेटाफिजिक्स, ज्ञानशास्त्र र सामाजिक न्यायको बारेमा फराकिलो चेतना

प्रस्तुत गरिएको छ । नर्वेली दार्शनिक अर्ने नेइसले डिप इकोलोजीलाई सैद्धान्तिक आधार दिएका हुन् । उनी भन्छन्, हामी कसरी बाँच्ने भन्ने नैतिक प्रश्नको जवाफ दिन हामीले पारिस्थितिकीय पाटोलाई बुझ्नु पर्दछ । हामीलाई पारिस्थितिकीय बुद्धि निर्माण गर्न डिप इकोलोजीलाई बुझ्नु पर्दछ । डिप इकोलोजीको गहिरो अनुभव, गहिरो प्रश्न र गहिरो प्रतिबद्धतामा केन्द्रित गरेर यसलाई बुझ्न सकिन्छ । यसले मानव र प्रकृतिको आपसमा सम्बन्धित प्रणालीको गठन गर्दछ। प्रत्येकले अर्कोलाई जन्म दिन्छ र समर्थन गर्दछ (Madsen, Britanica.com) । मानिस पनि पर्यावरणको अभिन्न अङ्ग भएको र प्रकृतिका अन्य जीवलाई हानि हुने बित्तिकै मानिसलाई पनि असर पुग्छ भन्दै पारिस्थितिकीय प्रणालीको सन्तुलनमा जोड दिन्छ । त्यसैले यसमा पर्यावरणप्रतिको सकारात्मक चेतना, अनुभूति, आशक्ति र पर्यादर्शनले प्रकृतिको सार्वभौमपन, जैविक विविधता, पारिस्थितिक प्रणालीमा जोड दिन्छ । पृथ्वी मानिसको मात्र पेवा होइन । प्रकृति कुनै एक जीवको एकाधिकारको विषय होइन । यो पृथ्वी पृथ्वीमा भए जति सबै जीव र जीवात्माको साझा थलो हो (Philips, 2003, p. 205) । प्रकृतिलाई एकोहोरो दोहन गर्ने अधिकार मानिसलाई छैन । प्रकृतिले सबैलाई समान न्याय गर्छ र हामीले पनि प्रकृतिका अन्य प्राणीलाई विनाभेदभाव व्यवहार गरी बाँच्न सक्नुपर्छ । मानिसले आफ्नो शक्तिको उपयोग गरेर प्रकृतिको अत्यधिक दोहन गरेको छ र त्यो हुनु नराम्रो हो ।  मानिसका व्यवहार नै प्रकृति विनाशका प्रमुख कारक हुन् र प्रकृतिमाथिको एकाध आधिपत्य जमाउने मानिसको अदूरदर्शी नीति र व्यवहारले नै पर्यावरणमा बारम्बार संकट आइरहेको छ भन्ने मान्यता गहन पर्यावरणको छ ।

प्रकृतिको नजिक बाँच्दै त्यसकै अर्चनामा जीवनको अर्थ देख्ने जनजाति र प्रकृतिको सम्बन्धको अध्ययन जनजातीय पर्यावरणीय चेतना हो ।  आफ्नै भाषा, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज भएका र कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने जाति जनजाति हुन् । जनजातिको वासस्थान मूलतः प्रकृतिको नजिक हुन्छ । उनीहरू प्रकृतिका पूजक हुन्छन् । उनीहरूका संस्कृति, संस्कार र जीवनशैलीका हरेक व्यवहारमा प्रकृतिप्रतिको सान्निध्य र आस्था विशेष रूपमा देखिन्छ । उनीहरूमा रहेको प्रकृतिसँगको सामीप्यले उनीहरूलाई प्रकृतिप्रति समर्पित हुने, तिनीहरूप्रति संवेदनशील बन्ने व्यवहार र चेतना निर्मित भएको देखिन्छ । हिमाली भेगका शेर्पाहरू हिमाल चढ्न खप्पिस हुन्छन् तर उनीहरू सबै हिमाल चढ्दैनन् । हिमाल चढ्दा पनि पूजा गरेर मात्र चढ्छन् । उनीहरूको प्रकृतिसँगको यो श्रद्धाभाव देखिपछि नै नेइसले आफ्नो आन्दोलनलाई नयाँ रूप दिएका हुन् (Naess, youtube) । प्रकृतिसँग जीवनको परिचय खोज्ने र आफू बाँच्नुको अर्थमा रमाउने जनजातिको प्रकृतिप्रेमी संवेदनालाई यहाँ जनजातीय पर्यावरणीय चेतना भनिएको हो । नेपाली निबन्धमा जनजातिको पर्यावरणसँगको आस्था, संवेदना, सान्निध्य र एकात्मक भावका अनेक सन्दर्भ उल्लेख भएका छन् र यिनले जनजाति र सत्तासम्बन्ध तथा जल, जमिन र जङ्गलप्रतिको जनजातीय अधिकारका सन्दर्भबाट जनजातीय पर्यावरणीय चेतनालाई प्रस्तुत गरेका छन् ।

## निबन्धमा पर्यावरणीय चेतनाको विश्लेषण

अध्ययन विधिमा तोकिएका कृतिबाट छनोटका परेका बाइसवटा निबन्धबाट प्राप्त तथ्य र नतिजालाई प्रकृति र मानवबिचको सम्बन्ध, ग्राम्यता र अप्रदूषित परिवेशको चित्रण, पर्यावरणीय नारीवादी चेतना, गहन पर्यावरणीय चेतना र जनजातीय पर्यावरणीय चेतनाका आधारमा तल अध्ययन र विश्लेषण गरिएको छ :

## प्रकृति र मानवबिचको सम्बन्ध

देवीचन्द्र श्रेष्ठको *हुम्ला बोल्छ मानसरोवरमा* नियात्रामा नेपालको हिमाली भेगको प्राकृतिक सौदर्य र त्यहाँको स्थानीयताको चित्रण गरिएको छ । दुर्गम हिमाली क्षेत्रका मानिसको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक अवस्थालाई त्यहाँको भौगोलिक अवस्थाले निर्धारण गरिदिएको हुन्छ भन्ने दृष्टिकोण उनको लेखनमा पाइन्छ । हिमाली भेगको जीवनशैली त्यहाँको प्रकृतिसँग कसरी एकात्मक हुन पुगेको हुन्छ भन्ने तथ्यलाई श्रेष्ठले कलात्मक रूपमा चित्रण गरेका छन् । सडक र यातायातको सुविधा नपुगेको ठाउँ कर्णालीका तत्कालीन वासिन्दा पर्यावरणसँग कसरी एकात्म्य हुँदै बाँचेका छन् भन्ने तथ्य यहाँ भेटिन्छ । भेडाका बगालमा अनाज ढुवानी गर्ने, कठिन प्राकृतिक परिवेशमा पैदल हिँड्दै पशुका सहारामा हिमाली भेगको कठिन र लामो यात्रा गर्दै बाँचेको उनीहरूको जीवन प्रकृतिको सान्निध्यमा मात्र सम्भव हुन सकेको तथ्य यहाँ देखिएको छ । कठिन जीवनशैलीसँग अभ्यस्त भएका कर्णालीका वासिन्दामा स्थानीय पशु घोडा, खच्चड, भैँडा नै यातायातका साधन बनेका र तिनका बथानलाई लिएर हिँड्ने उनीहरूको जीवन कठिन भएर पनि प्रकृतिको सान्निध्यमा बाँचिरहेको स्थानिक विम्ब यहाँ चित्रित छ । निबन्धकार मञ्जुलले *पहाडजस्तो बाटोजस्तो म* संस्मरणात्मक कृतिमा आफूलाई पहाडी प्रकृतिको पर्यायका रूपमा चिनाएका छन् । पहाडी परिवेशमा हुर्किएका लेखकमा आफू हुनुको परिचय पहाडको सम्बन्धमा रहेको विश्वास उनले व्यक्त गरेका छन् : “राम्रो लागे पनि पहाड नभएको ठाउँ मलाई आफ्नो भूमिजस्तो लागेन र त्यति राम्रो भनिहाल्न नमिले पनि पहाड भएको ठाउँ मलाई कहिल्यै पराई भूमिजस्तो लागेन” (पृ. ३) । प्रकृति र परिवेश मानिसको जीवनको महत्त्वपूर्ण पाटो हो । पहाड, तराई र हिमालमा हुर्किएका मानिसमा देखिने व्यक्तित्वको फरकपन प्रकृतिकै कारण निर्धारित हुन्छ र प्रकृतिसँग मानिसको सम्बन्ध र परिचयको गहिरो नाता हुन्छ भन्ने कुरा मञ्जुलका निबन्धमा पाइन्छ ।

‘पिखुवा बगिरहेछ’ निबन्धमा गणेश रसिकले आफ्नो असली परिचय र जीवनको खुसी पिखुवा खोलाको सान्निध्यमा पाउँछन् : “पिखुवा खोला बगिरहेछ । म भाइबहिनीसँग किनारमा बालुवामा घर बनाउँथेँ, खेत बनाउँथेँ, कुलो बनाउँथेँ र मसिना झारपात ल्याएर रोपाइँ गरी बेठी लाउँथेँ, मैझारो गर्थें । अनि चिप्लेटी ढुङ्गामा घोप्टो परेर सुती डँडाल्नो घाममा सुकाउँदै ढुङ्गाका गोरुलाई आपसमा जुधाउँदै होक्काँ होक्काँ गरेर डुक्रिने गर्थें”

(पृपृ. १३-१४) । जल मानिसको जीवनाधार हो भन्ने कुरा उनको निबन्धमा वर्णित छ । ग्रामीण जीवनको कृषिकर्म र जीवनशैलीलाई सम्झिँदै बालमनोरञ्जनको अभिन्न अङ्ग बनाउने एउटा बालकको घटनास्मृति उनको यस निबन्धमा छ । पहाडी परिवेशमा कृषिमा बाँच्ने जीवनशैलीले नै त्यहाँका मानिसको जीवनको आधार बनेको हुन्छ भन्ने तथ्यलाई यसले बोध गराएको छ । एउटा सानो बालक पनि परिवारले अपनाउने कृषि पेसा र उनीहरूको प्राकृतिक जीवनशैलीसँग अभ्यस्त छ र ऊ यही कृषक जीवनलाई बाल्यकालीन खेलका रूपमा अवलम्बन गर्दै आनन्दित भइरहेको छ । मानिस र समाजको परिचय त्यहाँको पर्यावरणीय सन्दर्भसँग जोडिएको हुन्छ भन्ने कुरालाई रसिकको यस बाल्यकालीन सन्दर्भले पुष्टि गरेको छ ।

अमर नेम्वाङ लिम्बूले 'जहाँ गए पनि प्यारो जन्मभूमिको सम्झना भइरहन्छ हामीलाई' निबन्धमा मानिस आफ्नो थातथलोसँग सधैँ नजिक हुन्छ, करबलले मात्र ऊ बसाइँ सर्नुपर्ने बाध्यतामा रहेको हुन्छ भन्ने कुरालाई प्रस्तुत गरेका छन् । आफू हुर्केको समाज, परिवेश र प्रकृतिमा मानिसले आफूलाई सधैँ आनन्दित महसुस गरिरहेको हुन्छ । आफू बसे हुर्केको ठाउँबाट टाढा जानुपर्दा उसले बनाएका सम्बन्धका परिचयहरू छोडेर अनुभव र सम्झनाहरू मात्र लैजाने तर्क लेखकले गरेका छन् । नयाँ ठाउँमा पुगेपछि मानिसको पहिलेको जन्मजात आत्मीयता र मधुर सम्बन्धहरूको सम्झना हुने र अन्ततः सोही ठाउँमा फर्केर आफ्ना खुसी भेट्न खोज्नुले मानिसको पर्यावरणसँगको सम्बन्धलाई सङ्केत गर्दछ । लिम्बूले यस कृतिमा मानिस आफ्नो थातथलोको परिचयसँग कसरी गाँसिएको हुन्छ र तिनका नजिक भएर बाँच्नुको आनन्द उसलाई कति गहन हुन्छ भन्ने कुरालाई पाँचथरको पौवासारतापमा बिताएका आफ्ना समयका स्मृति सूक्ष्म रूपमा वर्णन गरेका छन् । *सम्झनाका तरेलीहरू* सङ्ग्रहका अधिकांश संस्मरण लेखकको आफ्नो स्थान, परिवेश र पर्यावरणको सान्निध्यमा बितेका विभिन्न समयमा आधारित छन् । प्रकृति र पर्यावरणसँगको सान्निध्यमा नै मानिसले आफ्नो सुख र आनन्द भेट्ने तर्क निबन्धकारले गरेका छन् । 'ती पशुपक्षीहरू जससँग हामीले जीवनको अधिकाङ्श समय बिताउँछौँ' निबन्धमा पशुपक्षीसँग मानिसको सम्बन्ध परिवारको सदस्यसरह रहने विचार यसरी प्रकट गरेका छन् : "गौँथलीहरूलाई देख्न पाउँदा एउटा लामो अनुपस्थितिपछि परिवारको कुनै सदस्य कहीँबाट टुप्लुक्क आइपुगेकोजस्तो लाग्छ मलाई" (पृ. ५२) । मानव र पशुपक्षीको निकटता पर्यावरणीय चेतनाको आधार हो भन्ने कुरा देखाउँदै नेम्बाङले आफ्ना निबन्धमा मानव र मानवेतर पर्यावरणीय सम्बन्धको वर्णन गरेका छन् ।

## ग्राम्यता र अप्रदूषित परिवेशको चित्रण

प्रतीक ढकालले *हिमालपारि पुगेपछि* नियात्रामा हिमाली प्रदेशका डोल्पा र मुस्ताङका विभिन्न अक्षतभूमिको ग्राम्यता र अप्रदूषित पर्यावरणीय अवस्थालाई चित्रण गरेका छन् । ती क्षेत्रका एकान्तता, निर्जनता र स्वर्गीय आनन्दले भरिएका परिवेशको चित्रण गरेका छन् । विकट क्षेत्रको यात्रा र त्यहाँको फरक प्राकृतिक वैशिष्टयलाई चिनाउने क्रममा

उनले यस कृतिमा हिमाली भेगका जडिबुटी, झरना, ताल, त्यहाँको धार्मिक तथा सांस्कृतिक परिवेश, हिमाली भेगका स्थानीयको जीवनशैली आदिलाई रोचक रूपमा उतारेका छन् । 'से-फोक्सुन्डोको काखमा' निबन्धमा तालको स्वच्छता र पवित्रतालाई लेखकले हिमाली ग्राम्य जीवन र जलको स्वच्छताको वर्णन गरेका छन् : "कृपया तालमा फोहोर नगर्नुहोला' भन्ने सूचना र त्यसैको अङ्ग्रेजी अनुवादमा मेरो आँखा पऱ्यो । 'रिग्मो महिला समूह' को नाममा टाँसिएको यो सूचनाको भावनाबाट म पग्लेँ । केही स्वास्नीमानिसहरूले गाग्रीमा पानी भरेर लगिरहेको पनि देखेँ । ताल यति सफा छ कि यहाँको पिउने पानीको स्रोत भन्नु नै यही ताल रहेछ । अब केको खुट्टा डुबाउनु ?" (पृ. ११) । ग्रामीण महिलाको जीवनका तात्पर्य र शुद्ध पर्यावरणीय चेतनाका सन्दर्भबाट उनले ग्रामीण महिलामा हुने पर्यावरणीय चेतनाको वर्णन गरेका छन् । निबन्धकार ढकालले जलसँगको जीवन अनि महिला र जलको सम्बन्धका माध्यमबाट ग्राम्यताको सूक्ष्म चित्रण गरेका छन् ।

शारदा शर्माले *भुइँफूलको देश* निबन्ध सङ्ग्रहमा खप्तड क्षेत्रको भौगोलिक परिवेशको निर्जनता, शुद्धतता र शान्त परिवेशको चित्रण गरेकी छन् । उनका निबन्धमा खप्तडको पानी, वन र समग्र परिवेशको चित्रण छ र त्यसको प्रदूषणविहीन अवस्थाको वर्णन पनि छ :

> खोलामा बग्दै गरेको पानी, पाटनको छेउछेउ हिउँले छोपिएका सेता डाँडामा उभिएका सल्ला र खर्सुका रूखमा भरिएका हरिया पातदेखि बाहेक चारैतिरको परिवेश हामीले जीवन भनेर थाहा पाएको परिवेशभन्दा नितान्त भिन्न थियो । विकटता त थियो नै आफ्नो किसिमको, मूलतः घुम्न आउने मान्छेका निम्ति आवश्यक न्यूनतम पूर्वाधारसम्म पनि नभएका कारणले अझसम्म अक्षत-भूमि नै बनेको रहेछ खप्तड । (पृपृ. २२-२३)

शर्माले यस निबन्धमा निर्जनभूमिको शान्त र एकान्त परिवेशको चित्रण ग्राम्य जीवन र प्रकृतिका तात्पर्यबाट गरेकी छन् भने परिवेशको चित्रणमा पनि यही कुरा कलात्मक रूपमा आएको छ ।

हर्क गुरुङको *मैले देखेको नेपाल* संस्मरणमा ग्रामीण परिवेशबाट टाढा भई सहरमा पुगेपछि आफू पनि उनीहरूको सम्बन्धबाट टाढिन पुगेको अनुभूतिले आधुनिकीकरणले मान्छेका बिचमा अपरिचय र दूरी बढ्न पुगेको तथ्यलाई प्रस्तुत गरेका छन् । उनले यस संस्मरणमा बाल्यकालीन स्मृति, पारिवारिक जीवन र ग्राम्यताको सुन्दर संयोजन गरेका छन् । निबन्धमा लेखक र समाजका बिचमा निर्माण भएको दूरीको संवेदना यसरी प्रकट भएको छ : "मेरो आफ्नो क्षितिज फराकिलो भएकाले मेरो जन्मस्थलका स्वजनहरूले मलाई आफूहरूमा समाहित गर्न सकेनन् । तैपनि यस्ता पारिवारिक सङ्गतिले मलाई नयाँ जोस दिन्छ, किनकि मेरो उत्पत्ति भएको ठाउँ यही हो ।" (पृ. १५०) गुरुङले यस संस्मरणमा

आधुनिक सभ्यताका नाउँ भएका अनेक विकास, बसाइँ सराइँ, शिक्षा आदिले आधुनिक मान्छे ग्रामीण भूगोल, परिवेश र संस्कृतिबाट टाढा हुन पुगे पनि त्यसको छाप अमिट रहने कुराको वर्णन गरेका छन् । यस निबन्धमा निबन्धकारले ग्राम्यता र सरलपनप्रति आफ्नो गहिरो अभिरुचि र आकर्षण रहेको देखाएका छन् । उनलाई बाँच्ने आधार दिने ठाउँ उही गाउँले सरलपन र स्वच्छता नै हो भन्ने पर्यावरणीय चेतनाको प्रस्तुति यसमा गरिएको छ ।

## पर्यावरणीय नारीवादी चेतना

महिला बच्चा जन्माइदिने साधन हो र उसले छोरो नै जन्माउनु पर्छ भन्दै उसको प्रजनन क्षमतामाथि अधिकार जमाउने पुरुष वर्चस्वको स्थितिलाई अमृता लम्सालले 'आफू उत्ताउली भएपछि यस्तै हुन्छ' निबन्धमा व्यक्त गरेकी छन् :

> अन्त्यमा हजुरआमाले मेरी आमालाई भन्नुभयो - "त्यो फुकाउन मिल्छ भन्छन्, त्यसैले फुकाउनू ! अर्थात्, सिधा या घुमाउरो सन्देश थियो, 'कसै गरे पनि छोरा पाउनू !' जागिरका बारेमा उहाँले रोष प्रकट गर्दै भन्नुभयो - "धाई बज्यैको घरमा समेत कुरा काटिसके 'फलानाकी बुहारी जागिर खान गई' भनेर, यसरी इज्जत फाल्ने हो ?" (पृ. १३) ।

निबन्धमा महिलाले छोरो पाउनै पर्ने तथा महिला भएर जागिर खाँदा इज्जत जान्छ भन्ने सामाजिक सोचमा कति जब्बर पितृसत्ता हुन्छ भन्ने कुरालाई चित्रण गरिएको छ । पितृसत्ताले महिलालाई पुरुषको हितका लागि उपयोग गरिने वस्तु वा प्राणी सरह व्यवहार गर्छ । जसरी मानिस पशुबाट सन्तान जन्माउँदै लाभ लिन्छ त्यसैगरी महिला पनि आफ्नो लागि होइन प्रजनन कार्यका लागि हो भन्ने सोच समाजका पुरुष र कतिपय महिलामा पनि छ भन्ने कुराको चित्रण लम्सालका निबन्धमा गरिएको छ । लम्सालले महिलालाई गाईलाई दाम्लोले बाँधेर आफ्नो अनुकूल मानिसले डोऱ्याएझैं महिलालाई पनि दान गरिने वस्तु र आफू अनुकूल उपयोग गरिने वस्तुका रूपमा समाजले लिएको छ र यसको प्रतिरोध नगरी महिलाले समन्याय नपाउने सन्देश निबन्धमा दिएकी छन् ।

सुधा त्रिपाठीले महिलाको सन्दर्भलाई पितृसत्ताको उत्पीडनसँग मात्र नभई प्रजनन क्षमता र प्राप्तिलाई समेत सिर्जनाका रूपमा हेरेकी छन् र यस्ता सन्दर्भबाट नारीको उत्पादनको प्राकृतिक सांस्कृतिक सम्बन्धलाई प्रस्तुत गरेकी छन् । उनले 'अमर सिर्जना' निबन्धमा महिलाको प्रजननशीलता र त्यसको शक्तिका बारेमा चिन्तन गरेकी छन् : "असारको अन्तिम दिन, गुरुपूर्णिमाको रात आकाशमा बादल नलागेको भए बाहिर उज्यालै पनि थियो होला, तर म हृदयका तानहरूमा घना अन्धकार भोग्दै थिएँ" (पृ. ६) । महिलाका रजस्वला, गर्भ तथा प्रसूतिका सिर्जन प्रक्रियालाई त्रिपाठीले प्राकृतिक उपक्रमका रूपमा चिनाएकी छन् र प्राकृतिक प्रसङ्गबाट महिलाको पीडादायी प्रसव पक्षलाई प्रस्तुत गर्दै प्रकृति

र संस्कृति तथा प्रकृति र महिलाको स्वाभाविक र सुन्दर सम्बन्धलाई यस निबन्धमा प्रस्तुत गरेकी छन् ।

वानीरा गिरीले *पर्वतको अर्को नाउँ पार्वती* निबन्ध सङ्ग्रहमा महिलाहरू विदेशीभूमिका वेश्यालयमा बेचिन बाध्य भएका सन्दर्भलाई आलोचनात्मक रूपमा प्रस्तुत गरेकी छन् । उनले ग्राम्य जीवनको प्रकृति र संस्कृतिसँग सधैँ एकात्मक भएर जीवनलाई निरन्तरता दिने महिलाको श्रमशील र प्रजनक पार्वतीस्वरूपलाई गाउँघरको ढिकीजाँतो, गोबरपानी, मेलापर्व, खानपान, प्रजननलगायतका श्रमसाध्य कर्मसँग जोडेर प्रस्तुत गरेकी छन् : "यिनीहरू बिहान हुनुअघि उठ्छन् । जाँतो, ढिकी गर्छन् । पानी भर्छन् । मालजाल हेर्छन् । गोबर-पानी गर्छन् । पकाउँछन् । खुवाउँछन् । बारी-बिरुवा हेर्छन् । बच्चा पनि पाउँछन् । पार्वतीका शिवहरू उठ्छन् । बिँडी फुक्छन् । खान्छन् । तास खेल्छन् । तोङ्वा तान्छन् । गफ गर्छन् । आङ तान्छन् । बच्चा पाउनमा मद्दत गर्छन्" (पृ. ५३) । समाजमा पुरुषभन्दा महिले नै बढी श्रम गरेको र पुरुष वर्चस्वमा रहेको समाजले महिलाको श्रमको शोषण गरेको निष्कर्ष उनका निबन्धमा छ । निबन्धकारले महिलालाई कहिल्यै नथाक्ने मानव श्रमका रूपमा चिनाउँदे पितृसत्ताले उनीहरूमाथि गरेको शोषणको तथ्य प्रस्तुत गर्दै कठोर अनुशासनमा हुर्किएका उनीहरूको श्रमशील व्यक्तित्वलाई पनि प्रकृतिसँग नजिक बनाएर प्रस्तुत गरेकी छन् । त्यसैगरी उनको 'नेपाली बाला विदेशं गच्छयन्त्य: सन्ति' निबन्धमा वेश्यालयमा बेचिन पुगेका महिलाको पीडालाई प्रस्तुत गरेकी छन् । गाईझैँ दोहन र शोषणमा परेका दक्षिण एसियाली महिलाको जीवनशैलीलाई पनि सम्झिन पुगेकी छन् । नेपालाका ग्रामीण भेगबाट दलालबाट वेश्यालयमा बेचिन पुगेका महिलालाई पुँजीवादी चिन्तनले शोषण गर्न पुगेको छ ।  प्रकृति र नारी शोषित भएको चेतनामूलक अभिव्यक्तिको चित्रणका माध्यमबाट निबन्धमा महिलाको कमजोर अवस्थालाई चिनाइएको छ भने यसको कारकका रूपमा पितृसत्ता र पुँजीवादले गरेको दोहनलाई लिइएको छ ।

सन्ध्या रेग्मी शिवाकोटीले *आमाका अविस्मरणीय अतीतहरू र म* निबन्ध कृतिमा आमाको ममता र उनको सिर्जनशील क्षमताको चित्रण गरेकी छन् । 'आमा र सन्तान' निबन्धमा उनले आमाको महिमागायन गरेकी छन् । आमाबिनाको जीवन रङबिनाको फूल, कण्ठबिनाको कोइली, रसबिनाको फल जस्तो हुने भन्दै उनले आमाको महागाथा प्रस्तुत गर्दै नारीवादी सौन्दर्यचिन्तनलाई प्रस्तुत गरेकी छन् । उनी लेख्छिन् : "आमाबिना फूलमा रङ्ग छैन ! पातमा शीत छैन ! कोइलीको कण्ठमा पनि गीत छैन ! आमाबिना आकाशमा उमङ्ग छैन ! बादलमा सौन्दर्य छैन ! अनि मुगा र मोतीहरूमा पनि चमक छैन ! आमाबिना काफल र ऐँसेलुमा पनि रस छैन ! चौरासी व्यञ्जनमा पनि स्वाद छैन ! अनि सफलताका सिँढीहरू उक्लिँदा पनि हर्षोल्लास छैन !" (पृ. १३) यसरी उनले प्रकृति र महिलाको प्रजनक क्षमता, वात्सल्यरूप र आत्मीय स्वरूपको समानधर्मितालाई प्रस्तुत गर्दै पर्यावरणीय नारीवादी चेतनालाई प्रस्तुत गरेकी छन् ।

सरिता तिवारीले 'फरुवाको लय' निबन्धमा विगतको स्मृतिमा प्रकृतिसँगको कर्मशील नारी जीवनको निकटतालाई प्रस्तुत गरेकी छन् । यस निबन्धले प्रकृति र श्रमको सङ्घर्षमा नारीको उपस्थितिलाई सम्बोधन गरेको छ । नारीमा शक्तिको सञ्चार प्रकृतिको सान्निध्यले दिन्छ र प्रकृतिको उत्पादनशीलतासँग नारी र उसको श्रमसंवेदनाको विशेष सम्बन्ध छ भन्ने सन्देश यस निबन्धमा अभिव्यञ्जित छ । यसका साथै प्रकृतिमा श्रमशील भएर बाँच्दा नारीले अस्तित्व र गौरवबोध गर्छे भन्ने चेतना यसमा प्रकट भएको छ । खेतीपातीमा सधैँ एक्लै जुरुने उनकी आमाको सहासी व्यक्तित्वसँग आफूलाई पनि दर्‍याउन उनले फरुवा चलाएको सन्दर्भले नारीश्रम र प्राकृतिक सान्निध्यको परिचय दिएको छ : "म र खेत सँगै हुन्थ्यौँ, कुनै दिन नबिराई । पानी पर्दा समेत ओतमा नबसी । रुझ्दै, भिज्दै वा स्याखु ओढ्दै । कस्तै अवस्थामा पनि खेतसँग छुट्टिइनँ । म खेतसँग गहिरो प्रेममा थिएँ सायद" (पृ. २३६) । उत्पादनको थलो खेत र महिलाको श्रमले नै अन्न उब्जिएर प्राणीलाई बाँच्ने आधार मिलेको हुन्छ । नेपाली समाजका अधिकांश महिलाहरू खेतसँग यसरी नै मोहमा हुन्छन् र धान उब्जिएको हुन्छ । यहाँ प्रकृतिसँग महिलाको श्रमशील चेतनाको निर्माण भएको छ । उब्जाउ भूमि र कर्मठ महिलाका विम्बले निबन्धमा महिला र प्रकृतिको शक्तिलाई समतुल्य देखाएको छ । खेत खन्न प्रयोग भएको फरुवा उनका लागि आत्मसङ्घर्षको विम्ब रहेको छ । प्रकृतिसँग नारीको सम्बन्ध निकट र पुरुषको सम्बन्ध टाढा तथा शोषक रहेको सङ्केत यस निबन्धमा प्रस्तुत छ ।

## गहन पर्यावरणीय चेतना

अमर नेम्बाङ लिम्बूले *सम्झनाका तरेलीहरू*मा पाँचथरको पौवा सारताप वरपरको प्रकृति र पर्यावरणीय परिवेशलाई महत्त्व दिएर लेखेका छन् । उनले यस कृतिमा आफू बाँचेको गाउँले परिवेश, त्यहाँका वनस्पति, माटो, पहाड, हिमाल, पशुपक्षी, जङ्गल र बोटबिरुवा, ऋतुचक्र आदिलाई अत्यन्त स्नेहका साथ सम्झिँदै तिनको संरक्षणको तत्परता पनि देखाएका छन् । 'ती पशुपक्षीहरू जससँग हामीले जीवनको अधिकांश समय बिताउँछौँ', 'दिनदिनै लोप हुँदै जाँदैछन् हाम्रा महत्त्वपूर्ण रूखबिरुवाहरू', 'आज हिउँ बास बस्न आएको छ चौँरी डाँडामा' जस्ता निबन्धमा स्थानीय पर्यावरणसँगको लेखकको सान्निध्य, प्रकृतिसँग मानिसको सम्बन्ध र पर्यावरणमाथि मानिसको उत्तरदायित्वका बारेमा गहिरो बहस गरिएको छ । प्रकृति र मानव बिचको सहअस्तित्वले मात्र जीवन चलेको छ भन्ने चेतनाको निर्माण गरेका उनका यी निबन्धहरूमा रूखपात, वनस्पति, पशुपक्षीसँग गहिरो साहचर्य र आत्मिक प्रेम पनि प्रदर्शन गरिएको छ : "तर जहाँ मरे पनि, जस्तो रूपमा मरे पनि ती मरणहरू प्राणीमात्रको जीवनको क्रमबद्धतालाई निरन्तरता दिने एउटा अवश्यम्भावी निकास मात्र हो । यसरी नै मरिरहेका हुन्छन् जीवजन्तु र मानिसहरू" (पृ. १०४) । लिम्बूले निबन्धहरूमा पर्यावरण र मानिसका बिचको पारिस्थितिकीय प्रणालीले नै यो संसार चलेको चिन्तन गरेका

छन् । मानिस र कीटपतङ्ग तथा जीवनजन्तुको मृत्युको क्रमिकता र तिनको जीवनको चक्रको चिन्तन उनका निबन्धमा पाइन्छ ।

तीर्थबहादुर श्रेष्ठले 'कुहिरो र धुइरो : पारिजात र शिरीष' निबन्धमा काठमाडौँ उपत्यकाको बढ्दो वायुप्रदूषणका कारण जाडो महिनामा यहाँ लाग्ने कुहिरोलाई धुइरो भन्नुपर्ने रोचक तर्क प्रस्तुत गरेका छन् । वातावारणको परिवर्तन हुँदै जाँदा त्यही अवस्थाअनुसार परिवेशमा परिवर्तन आउने र त्यसको नयाँ नाम समेत बन्न पुग्ने तथ्य निबन्धमा प्रस्तुत गरिएको छः "धुवाँ र धुलोले लादिएको हुनाले यो 'धुइरो' संज्ञा पाउन लायक भएको छ" (पृ. १३३) । काठमाडौँ सहरमा ग्रीष्म ऋतुमा फुल्ने ज्याकरान्डा फूललाई स्थानीय बोलीमा भँगेरी फूल भनिँदै गरेको र यसैलाई पारिजातले आफ्नो उपन्यासमा शिरीष (निलो फुल्ने फूल) बनाएको तथ्य पनि निबन्धमा खुलाइएको छ । कुहिरो लाग्ने काठमाडौँको वातावरणीय परिवेशको वैज्ञानिक कारण पनि निबन्धमा पाइन्छ । जाडोको बेला बिहानका समयमा लाग्ने कुहिरोका अनेक वातावरणीय प्रभाव र यसको लोक किम्बदन्तीमा जोडिएको इन्द्रजात्राको सन्दर्भ प्रस्तुत गर्दै यसको सांस्कृतिक पक्षसँग पनि जोडेर कुहिरोको रोचक व्याख्या निबन्धमा रहेको छ । वातावरणीय असन्तुलनले बिग्रिँदै गएको काठमाडौँ सहरको परिवेशमा उनले यस सहरका जात्रा र बोटबिरुवाको सम्बन्ध समेट्दै पारिजात र शिरीषको फूलको जीववैज्ञानिक व्याख्या गरेका छन् ।

निबन्धकार भूपिनले 'रूखको बिम्बमा कविता' शीर्षकको निबन्धमा प्रकृतिसँग जीवन र साहित्यको तादात्यमताको वर्णन गरेका छन् । रूखका हाँगामा फूल र काँडाहरू भएका कारण यो जीवनको सुख र दुःखको बिम्ब हो र यसलाई लेखकहरूले बिम्ब बनाएर बारम्बार साहित्य लेख्नुमा यी दुवै बिचको समान पर्यावरणीय अस्तित्व पनि रहनु हो भन्ने उनको तर्क छ । रूखसँग जरा र फलफूल भएजस्तै कवितामा विचार र कला हुन्छ भन्ने उनको चिन्तनमा पनि प्रकृतिसँग जीवनको तदात्य रहेको बुझिन्छ । लेखक जेम्स जेनसनको भनाइलाई उद्धृत गर्दै उनले लेखेका छन्: "रूखहरू ठ्याक्कै मानिसजस्ता हुन्छन् र एकअर्काको साथमा आनन्द मान्छन् । एकदमै कम मात्र एकान्त मनपराउँछन्" (पृ. ४१) । लेखकले रूखलाई मानिसजस्तो चेतना भएको जीवका रूपमा पनि चिनाउन चाहेका छन् । समाजमा रहेर बाँच्ने मानिसजस्तै रूखहरू पनि रूखकै समूहमा रहने र एकअर्काको रेखदेख अनि सहयोगमा बाँच्ने सचेत जीवका रूपमा चिनाउँदै उनले प्रकृति र मानवको गहन सम्बन्धको पुष्टि गरेका छन् ।

भीष्म उप्रेतीको 'एकरात घोरेपानीमा बसेर' निबन्ध पर्यावरण सचेतनाका केन्द्रमा लेखिएको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले प्रायोजन गरेको कार्यक्रममा सहभागी भएका लेखक पत्रकारहरूको जमघटले पनि पर्यावरण जोगाउन विभिन्न क्षेत्र जागरूक भएको तथ्यलाई यस निबन्धले समेटेको छ । निबन्धमा गाउँमा डोजर लगाउँदा भएको

पहिरो र विनाश तथा खेतीयोग्य जमिन जथाभावी प्लटिङ गर्दा पुग्न गएको वातावरणीय क्षतिका बारेमा निबन्धकारको पर्यावरणमैत्री मत यस्तो छ: "खेतीयोग्य जमिन प्लटिङ गरेर जथाभाबि टुक्रा पार्नु एवं वातावरणीय विश्लेषण बिनै तथा परियोजनाको दीर्घकालीन असर विचारै नगरी बाटोको धर्सो खन्न पहाडहरू खोतल्नु र भत्काउनु दीगो विकास होइन" (पृ. ५३) । विकासका नाउँमा बाटोघाटो बनाउने र सहर बढाउने पुँजीवादी सभ्यताको होडबाजीले पर्यावरणको विनाश मात्र हुन्छ । आजभोलि सडक निर्माण गरिने ठाउँमा पहिले नै पर्यावरणीय प्रभावको अध्ययन गरी त्यसको प्रतिवेदन पनि प्रस्तुत गर्नुपर्ने सरकारी नियम छ तर गाउँघरमा स्थानीय तहबाट भएका काममा यसप्रति सचेतता नभएको पाइन्छ र यसले नेपालका गाउँघरमा बाढीपहिरोको सङ्कट बढिरहेको सन्दर्भको गहन पर्यावरणीय चिन्तन यस निबन्धमा छ ।

## जनजातीय पर्यावरणीय चेतना

'चुचुरो नजिक एक्लै' स्मृति लेखमा लाक्पा फुटी शेर्पाले सगरमाथा आरोहण गर्ने शेर्पा जातिको जीवन निर्वाहको पेसा र त्यसले निर्माण गरेको उनीहरूभित्रको अदम्य सहासलाई चित्रण गरेकी छन् । हिमालकी छोरी भएर हिमाल आरोहण गर्ने आफ्नो रुचिलाई चित्रण गर्ने क्रममा उनले शेर्पाले हिमाल आरोहीका सबजसो काम गर्ने र सबै आरोहीहरू शेर्पाकै कारण सफल हुने कुरा लेखेकी छन् । हिमालमा बाटो बनाउने (हाइअल्टिच्युट वर्कर) देखि भरिया, भान्छे, गाइड सबै काम गर्न शेर्पा नै खप्पिस भएको र हिमालसँगको सान्निध्यले उनीहरू जस्तोसुकै काममा पनि सफल रहेको चित्रण गरेकी छन् । पासङ ल्हामूसँग सगरमाथाको आरोहणमा गएका बेलाको सन्दर्भको यस स्मृतिमा उनले शर्पाले हिमाल चढ्नुभन्दा पहिले प्रायश्चित्त पूजा गर्ने सन्दर्भ उल्लेख गरेकी छन्: "हामी शेर्पाहरू हिमाल चढ्ने बेला 'हाम्रा पाइला तिम्रो शिरमा पर्दा पाप नलागोस्' भनेर प्रायश्चित्त पूजा गर्छौं" (पृ. २१४) । शेर्पा जातिको हिमालसँगको विशेष अनुराग र आस्था देखिन्छ । उनीहरू हिमाललाई आफ्नो आस्थाको धरोहर मान्दछन् । हिमाल चढेर आफू बाँच्ने आधार बनाउने भए पनि हरेक आरोहणमा उनीहरूले हिमालको पूजा गर्नुमा हिमालको पवित्रता र शुद्धता निबिग्रियोस् भन्ने भावना जोडिएको देखिन्छ । आफू बाँच्ने आधार बनेको हिमाललाई विशेष रूपमा माया गर्नुपर्छ भन्ने चेतना शेर्पा जातिमा रहेको देखिन्छ ।

अमर नेम्वाङ लिम्बूले *सम्झनाका तरेलीहरू*मा प्रकृतिसँग लिम्बू जातिको सम्बन्धका अनेक बिम्बहरू निर्माण गरेका छन् । उनका निबन्धमा लिम्बूहरू प्रकृतिका पूजक भएको, तिनका नजिक रहेर उनीहरूका संस्कृति निर्माण भएको र तिनका सम्बन्धमा नै उनीहरूको जाति जीवित भएको तथ्य भेटिन्छ । पाँचथरतिरको लोक परिवेश र त्यहाँका मानिसको जीवनसँग प्रकृति विशेष देखिन्छ भन्ने चिन्तन उनका निबन्धमा छ । निबन्धकारले लिम्बू संस्कृतिको धाननाचको परिवेश आफ्नै वरिपरिका रूखहरूमा देखिरहेका छन् । उनको यस चित्रणले लिम्बू संस्कृतिका अनेक पाटोलाई बुझ्न प्रेरित गर्दछ जुन प्रकृतिको नजिक छ ।

लिम्बूले जीवन बाँच्ने यात्रामा मात्र होइन मृत्युसंस्कारमा पनि उनीहरू प्रकृतिका नजिक हुन्छन् भन्ने कुरालाई पनि 'मृत्युसम्बन्धी आआफ्नै धारणा हुन्छ मानिसको' भन्ने निबन्धमा यसरी चित्रण गरेका छन् : "एउटा कब्रस्थानको वरिपरि कटुसका झ्याम्ले रूखहरू ! भित्रपट्टि कुनै 'गल्फ कोर्ट' जस्तो अझ हरियो मैदान ! मैदानका सिरानपट्टि अत्यन्त सुकिला चिटिक्कै परेका चिहानहरू ! चिहानका बिच बिचमा रोपेका ठाडा ढुङ्गाहरू (सुप्लुङ साम्बेक) ! कान्ला कान्लामा मृतकहरूलाई लगाएदिने गरेका मिक्चिरीका वनफूलहरू !" (पृ. १०५) । लिम्बू संस्कृतिमा बाँच्दा मर्दा जुनसुकै परिस्थितिमा पनि प्रकृतिसँग नजिक हुने उनीहरूको संवेदना र आस्थालाई नेम्बाङले आफ्ना निबन्धमा प्रस्तुत गरेका छन् ।

दामोदर पुडासैनी 'किशोर'को *डोल्पो ओ डोल्पो* कृतिले डोल्पाका जाति र तिनको जीवनशैलीलाई जीवन्त चित्रण गरेको छ । डोल्पाको समाज, संस्कृति र प्रकृतिका विविध पक्षलाई चिनाउने क्रममा से-फोक्सुन्डोको दक्षिण-पश्चिम कुनामा रहेको थासुङ छेलिङ गुम्बाका लामाहरूको पर्यावरणमैत्री जीवनशैली अवलम्बन गर्ने बोन धर्मालम्बीको दृष्टिकोणलाई पनि यस नियात्राले समेटेको छ । यस नियात्रामा बोन धर्म मान्नेको प्रकृति र पशुपक्षीप्रतिको समताभाव यसरी प्रकट भएको छ : "हामी बोन धर्म मान्नेहरू सबैसँग सद्भाव राख्छौँ । कसैसँग नमिठो बाल्दैनौँ, कुनै प्राणीलाई काटमार गर्दैनौँ" (पृ. २२३) । लामा समुदायका बोन धर्म मान्ने मानिसले प्रकृति र प्रकृतिका हरेक प्राणीको जीवनको स्वतन्त्रता र सम्मानको भावले प्रकृतिप्रति संवेदनशील हुन प्रेरित गरेको छ । पशुको मारकाट नगर्ने तिनको जीवनपद्धति पर्यावरणमैत्री देखिन्छ । प्रकृतिका हरेक प्राणीमा सम्मानको भाव राख्ने जनजातिको चेतनाले सरल र प्रकृतिमैत्री जीवनलाई चिनाउँछ भन्ने मान्यता पुडासैनीको निबन्धमा छ ।

## निष्कर्ष

उत्तरवर्ती नेपाली निबन्धमा पर्यावरणीय चिन्तन र चेतनाको चित्रण सघन रहेको छ । यिनमा प्रकृति र पर्यावरणसँगको एकात्मकता, अभिन्नता र प्रेमको अनुभूतिको वर्णन छ भने मानव र प्रकृतिको सम्बन्धको बोध पनि छ । यी निबन्धमा प्रकृतिको विनाशका लागि कारक बनेका मानिसका व्यवहार र क्रियाकलापलाई सचेत भएर हेर्ने दृष्टिकोणको चित्रण छ र मानिस र प्रकृति, ग्राम्यता र गहनताजस्ता विषयको वर्णन पनि छ । यी निबन्धहरूमा प्रकृति र मानवका बिचका सम्बन्धको वर्णन मात्र नभएर जल, जमिन, जङ्गल र समग्र प्राणीमा आइपरेको पर्यावरणीय समस्याको चित्रण छ । निबन्धकलाको चेतनासहित प्रस्तुत यी निबन्धमा नेपाली जीवजगत्, वनस्पति, ग्रामीण र सहरी समाजमा आएको पर्यावरणीय समस्याप्रतिको चिन्ता र चासो प्रकट गर्दै यसप्रति सचेत रहन आह्वान पनि गरिएको छ । यी निबन्धकारमध्ये देवीचन्द्र श्रेष्ठ, मञ्जुल, गणेश रसिक र अमर नेम्वाङ लिम्बूका निबन्ध संस्मरणात्मक छन् र यिनमा मूलतः प्रकृति र मानवका बिचको सम्बन्धको चित्रण छ भने अमर नेम्वाङ, तीर्थबहादुर श्रेष्ठ, भूपिन र भीष्म उप्रेती प्रभृत्तिका निबन्धमा यस्ता वातावरणीय विनाश तथा प्राणी र वनस्पतिजन्य पर्यावरणीय चित्रण छ ।

अमृता लम्साल, सुधा त्रिपाठी, वानीरा गिरी, सन्ध्या रेग्मी र सरिता तिवारीका निबन्धले पुँजीवाद र पितृसत्ताको वर्चस्वले दमित र शोषित प्रकृति र महिलाको अवस्थालाई चिनाउँदै त्यस्तो अवस्थाका विरुद्ध नारीवादी प्रतिरोधी चेतना निर्माण गरेका छन् । यसैगरी जनजातिका हरेक संवेदना प्रकृतिको नजिक हुन्छ र तिनले पर्यावरणलाई बचाउने जीवनशैली अँगालेका हुन्छन् भन्ने विषयको बोध गराउँदै जनजाति र पर्यावरणको सम्बन्धको वर्णन र विश्लेषण गर्ने काम लाक्पाफुटी, अमर नेम्वाङ, तीर्थ श्रेष्ठ, दामोदर पुडासैनी प्रभृत्तिका निबन्धकारले गरेका छन् । ग्राम्यता र अप्रदूषित भूमिको कञ्चन अवस्थालाई चिनाउँदै तिनको महत्त्व गायन गर्न प्रतीक ढकाल, शारदा शर्मा र हर्क गुरुङका निबन्धले विशेष चासो देखाएको पाइन्छ । यी निबन्धकारका निबन्धमा पर्यावरणीय विनाशले समाज र जीवनमा ल्याएका विपत्तिलाई देखाउँदै तीप्रतिको संवेदनशीलता प्रकट गरिएका छन् ।

उत्तरवर्ती नेपाली निबन्धले पुँजीवादी समाज र अर्थतन्त्रका कारण नेपालजस्तो देशले भोग्नुपरेको पर्यावरणीय समस्याको गहन चित्रण गरेका छन् । प्राकृतिक सौन्दर्य, प्राणी मात्रको सुरक्षित वासस्थान, हिमाल, पहाड र तराईको पर्यावरणीय सन्तुलन र सौन्दर्यका दृष्टिले सुन्दर नेपालमा भइरहेको पर्यावरणीय विनाशको चिन्ताका साथै सामाजिक पहिचान र लैङ्गिक सन्दर्भबाट आउने जनजातीय र नारीवादी पर्यावरणीय सौन्दर्य चेतनाका दृष्टिले पनि उत्तरवर्ती नेपाली निबन्ध शक्तिशाली रहेको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, भीष्म (२०७५), *तपाईंको पहाड कहाँ हो ?,* काठमाडौँ : शिखा बुक्स ।

एटम, नेत्र (२०६८), पर्यावरणीय समालोचना. *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड),* सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : रत्न पुस्तक भण्डार. पृ. ३११-३३२ ।

गिरी, वानीरा (२०६७), *पर्वतको अर्को नाम पार्वती,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

गुरुङ, हर्क (सन् २०१०), *मैले देखेको नेपाल,* अनु. हरिप्रसाद सिटौला र प्रेम सुब्बा. काठमाडौँः हिमाल किताब प्रा.लि.।

ढकाल, प्रतीक (२०६७), *हिमालपारि पुगेपछि,* (सातौँ संस्क.) ललितपुर : साझा प्रकाशन ।

तिवारी, सरिता (२०७७), फरुवाको लय. *स्मृतिकथामा सत्त्व,* सम्पा. अर्चना थापा. काठमाडौँः अक्षर क्रियसन्स नेपाल. पृ. २२७-२३८ ।

त्रिपाठी, सुधा (२०६५), *अमर सिर्जना,* ललितपुर : साझा प्रकाशन ।

पुडासैनी 'किशोर', दामोदर (२०७९), *डोल्पो ओ डोल्पो,* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोर्डन बुक्स ।

भट्टराई, रमेशप्रसाद (२०७०), *समय सौन्दर्य, पर्यावरण र कविता,* काठमाडौँ: विवेक सिर्जनशील प्रकाशन प्रा.लि.।

भूपिन (२०६९), *चौबीस रिल,* काठमाडौँ : साङ्ग्रिला बुक्स ।

मञ्जुल (२०६८), *पहाडजस्तो बाटोजस्तो म,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

रसिक, गणेश (२०६३), *दशगजामा उभिएर,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

लम्साल, अमृता (२०६८), आफू उत्ताउली भएपछि यस्तै हुन्छ, *स्वअस्तित्वको खोज,* सम्पा. अर्चना थापा. काठमाडौँ : अक्षर क्रियसन्स नेपाल, पृ. १२-२१ ।

लिम्बू, अमर नेम्वाङ (२०६४), *सम्झनाका तरेलीहरू,* काठमाडौँ : मोर्डन बुक्स ।

शर्मा, शारदा (२०६८), *भुइँफूलको देश,* काठमाडौँ : साङ्ग्रिला वुक्स ।

शिवाकोटी, सन्ध्या रेग्मी (२०६६), *आमाका अविस्मरणीय अतीतहरू र म,* काठमाडौँ : अद्वितीया शिवाकोटी ।

शेर्पा, लाक्पा फुटी (२०७७), चुचुरो नजिक एक्लै, *स्मृतिकथामा सत्त्व,* सम्पा. अर्चना थापा. अक्षर क्रियसन्स नेपाल. पृ. २०५-२१७ ।

श्रेष्ठ, तीर्थबहादुर (२०७०), कुहिरो र धुइरो : पारिजात र शिरीष, *प्रज्ञा निबन्धसङ्ग्रह,* सम्पा. हेमनाथ पौडेल, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १३३-१३७ ।

श्रेष्ठ, देवीचन्द्र (२०४२). *हुम्ला बोल्छ मानसरोवरमा.* काठमाडौँ : साझा प्रकाशन ।

Dobie, A. B. (2012). *Theory into Practice: An Introduction to Literary Criticism*. Third Edition. Boston: Wadsworth Cengage Learning.

Glotfelty, C. and Fromm, H. (Ed.). (1996). *The Ecocriticism Reader: Landmarks in Literary Ecology*. Athens and London: The University of Georgia.

Madsen, P. (2013). Deep ecology: environmental philosophy https://www.britannica.com/topic/deep-ecology. (Retrieved date: 2020 January 7).

Miles, K. (2013). Ecofeminism: sociology and environmentalism https://www.britannica.com/topic/ecofeminism. (Retrieved date: 2020 January 7).

Naess, A. The call of the Mountain- Arne Naess and the Deep Ecology Movement, full version, youtube_ (Retrieved date: 2020 January 7).

Nayar, P. K. (2010). *Contemporary Literary and Cultural Theory: From Structuralism to Ecocriticism*. Dellhi. Chennai. Chandigud: Pearson.

Philips, D. (2003). *The truth of ecology: Nature, culture and Literature in America*. New York: Oxford University Press.

Soper, K. (1995). *What is Nature? : Culture, Politics and the Non-Human.* Oxford & Massachusetts: Wiley Blackwell.